चौथो खेलमा पहिलो जित

होबर्ट हुरिक्यान्स एकेडेमीविरुद्ध बलिङ गर्दै नेपालका नन्दन यादव। *तस्बिर : क्यान*

काठमाडौं, भदौ ३ (नागरिक)- अलराउन्ड नन्दन यादवको उत्कृष्ट बलिङमा नेपालले अस्ट्रेलियामा जारी टप एन्ड टी ट्वान्टी शृंखलामा चौथो खेलबाट पहिलो जित निकालेको छ।

पाल्मेरस्टनमा मंगलबार भएको खेलमा नन्दनले पाँच विकेट लिँदा नेपालले होबर्ट हुरिक्यान्स एकेडेमीमाथि ६६ रनको फराकिलो जित आत्मसात गरेको हो। लगातार तीन हारपछि नेपाली टोली पहिलो जित निकाल्न सफल भयो। यसअघि नेपालले टोली नर्दर्न टेरिटोरी स्ट्राइकरसँग ४२, बंगलादेश 'ए' सँग ३२ र मलेबर्न स्टार्स एकेडेमीसँग ३१ रनले हार सामना गरेको थियो। जितसँगै नेपालले चार खेलबाट दुई अंक जोडेको छ। कुल ११ टोली रहेको शृंखलामा नेपाल नवौं स्थानमा छ। काजालिस एरिना पामर्स्टनमा नेपालले एक सय ८१ रनको लक्ष्य दिएको थियो। जबाफी लक्ष्य पछ्याएको होबर्ट १६.१ ओभरमा १४४ रनमै समेटिन पुग्यो।

होबर्टका ब्राड्ली होपले ३१, चार्ली वाकिमले २८ र टिम वार्डले १३ रन बनाए। ज्याक कर्टिन २१ रनमा अविजित रहे। खराब सुरुआत गरेको होबर्ट ४.६ ओभरमा २४/३ को अवस्थामा थियो। त्यसपछि समालिने प्रयास गरे पनि होबर्ट अलआउट हुन पुग्यो। नेपालको बलिङमा नन्दन यादवले उत्कृष्ट प्रदर्शन गरे। तीन ओभरमा उनले १७ रन मात्र खर्चिंदै सर्वाधिक पाँच विकेट लिए। कप्तान रोहितकुमार पौडेल, रिजन ढकाल, सन्दीप लामिछाने र कुशल भुर्तेलले समान एक विकेट लिए। त्यसअघि टस जितेर ब्याटिङ रोजेको नेपालले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै एक सय ८० रनको योगफल बनाएको थियो। नेपालका मध्य क्रमका ब्याटर आरिफ शेखले सर्वाधिक ३५ रन बनाए।

> नन्दनले पाँच विकेट लिएपछि नेपालले होबर्ट हुरिक्यान्स एकेडेमीमाथि ६६ रनको फराकिलो जित आत्मसात गऱ्यो। लगातार तीन हारपछि नेपाली टोली पहिलो जित निकाल्न सफल भयो।

ओपनरद्वय आसिफ शेअले २९ र कुशल भुर्तेलले २७ रन जोडे। यी दुईले ४९ रनको साझेदारी गर्दै राम्रो सुरुआत दिलाएका थिए। लोकश बमले अविजित २५ र भीम सार्कीले १८ रन बनाए। कप्तान रोहित भने ९ रनमा नै आउट भए। कुशल मल्ल पनि ६ रनमा पभेलियन फर्किए। सातौं नम्बरमा ब्याटिङ गर्न आएका लोकेशले ११ बलमा तीन चौका र एक छक्का प्रहार गरे। होबर्टको बलिङमा निवेथन राधाकृष्णन र राफ म्याकमिलनले समान दुई तथा मार्कस बेन, गाबे बेल र ब्राड्ली होपले समान एक विकेट लिए। नेपालले अब पाँचौं खेल बुधबार मेलबर्न स्टार एकेडेमीसँग खेल्नेछ। नेपालले आइसिसी टी ट्वान्टी विश्वकप एसिया छनोटका लागि यो शृंखला खेलेको हो।

'एनओसीको तदर्थ कमिटीमा २३ खेल संघ'

काठमाडौं, भदौ ३ (नागरिक)- नेपाल ओलम्पिक कमिटी (एनओसी) को तदर्थ समितिका प्रवक्ता समिम मियाँ अन्सारीले तदर्थ कमिटी सरकारले गठन गरेको नभएर एनओसीमा आबद्ध २३ वटा खेल संघको भेलाबाट बनेको बताएका छन्।

एनओसीको तदर्थ समितिका प्रवक्ता अन्सारीले नेपालमा दुई वटा ओलम्पिक कमिटी रहेको भनेर नबुझ्न पनि आग्रह गरेका छन्। तदर्थले नै नेपालमा अब नियमित रूपमा ओलम्पिक मुभमेन्ट गर्ने र अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आइओसी) ले पनि आफ्नो समितिलाई नै मान्यता दिने उनको विश्वास छ। हाल नेपालमा दुई वटा समानान्तर नेपाल ओलम्पिक कमिटी (एनओसी) छन्। एउटा जीवनराम श्रेष्ठ नेतृत्वको एनओसी र अर्को पूर्वअध्यक्ष ध्रुवबहादुर प्रधान संयोजक रहेको नेपाल ओलम्पिक कमिटी तदर्थ समिति छन्। श्रेष्ठ नेतृत्व एनओसीलाई अदालत र सरकारले पनि मान्यता दिएको छैन। तर, आइओसीको मान्यता छ।

गत साता मात्र प्रधानको संयोजकत्वमा ९ सदस्यीय नेपाल ओलम्पिक कमिटीको तदर्थ समिति गठन भएको हो। सोही तदर्थ कमिटी मंगलबार सातदोबाटोस्थित एनओसी मुख्यालयको ताल्चा खोलेर कार्यालय प्रवेश गरेको छ। राष्ट्रिय खेलकुद परिसद् (राखेप) का बोर्ड सदस्यत्रय भानबहादुर चन्द, जगतसिंह धामी, कमल भट्टराई र ललितपुर महानगरपालिका वडा-१५ का प्रतिनिधि र सुरक्षाकर्मीको रोबहरमा मुचुल्का उठाएर एनओसीमा आठ महिनादेखि लगाइएको ताल्चा खोलिएको हो। अब नियमित रूपमा ओलम्पिक भवनबाट काम गर्ने एनओसी तदर्थ कमिटीको दाबी छ। सो अवसरमा तदर्थ कमिटीका प्रवक्ता अन्सारीले अब नियमित रूपमा तदर्थ कमिटीले नेपालमा ओलम्पिक मुभमेन्टको काम गर्ने दाबी गरेका छन्। एनओसीमा आबद्ध २७ खेल संघमध्ये २३ वटा खेल संघ आफूहरूको पक्षमा रहेको तदर्थ कमिटीका प्रवक्ता अन्सारीले दाबी गरेका छन्। अब एनओसीको भवनमा बसेर आगामी २०औं एसियाली खेलकुदको तयारी गर्ने उनी बताउँछन्। युवा तथा खेलकुद मन्त्रालयले गत महिना मात्र आगामी एसियन गेम्समा नेपालको तर्फबाट खेल संख्या दर्ता गर्ने प्रयास गरेको थियो। तर, एसियन गेम्स आयोजक कमिटीले एनओसीबाट मात्र दर्ता हुने उल्लेख गरेको थियो।

अब आफ्नै तदर्थ कमिटीले त्यो काम गर्ने र आयोजकले पनि त्यसलाई स्विकार गर्ने उनको दाबी छ। अब आफ्नो एनओसीले नै एसियन गेम्समा खेल र खेलाडीको दर्ता गर्ने उनी बताउँछन्। आफूसँग आबद्ध खेल संघलाई ओसिए र आइओसीले नचिन्ने कुरै नहुने प्रवक्ता अन्सारीको दाबी छ। उनले छिटै पत्रकार सम्मेलनमार्फत सबै संघ एक भएर अगाडि बढ्ने बताएका छन्।

के थियो विवाद ?

अदालत र सरकारबाट अवैधानिक ठहर भएको जीवनराम श्रेष्ठ नेतृत्वको नेपाल ओलम्पिक कमिटी (एनओसी) लाई आइओसी र ओलम्पिक काउन्सिल अफ एसिया (ओसिए) ले मान्यता छ।

तर, राष्ट्रिय खेलकुद विकास ऐन-२०७८ मिचेर निर्वाचन गरेपछि अदालतको आदेश र नेपाली खेलकुदको सर्वोच्च निकाय राष्ट्रिय खेलकुद परिषद् (राखेप) निर्णय विपरीत श्रेष्ठले एनओसीको निर्वाचन गराएका थिए। ऐनअनुरूप नचलेको भन्दै परेको मुद्दामा उच्च अदालतले श्रेष्ठ नेतृत्वको एनओसीलाई निर्वाचन नगराउन आदेश दिएको थियो। तर, आदलतको आदेशलत्याउँदै श्रेष्ठले निर्वाचन गराएका थिए। सोही एनओसीमा आबद्ध केही खेल संघ र पूर्वाधिकारीले पनि उक्त निर्वाचन बहिस्कार गरे। त्यसपछि नेपालमा फेरि ओलम्पिक विवाद चुलिएको हो। अदालत, नेपाली खेलकुदका सर्वोच्च निकाय र असन्तुष्ट पक्षलाई बेवास्ता गर्दै अनलाइनमार्फत निर्वाचन गराएर श्रेष्ठ नयाँ नेतृत्वमा आएका हुन्।

खेलकुद विकास ऐन २०७८ मा कुनै पनि व्यक्तिगत एउटै पदमा दुई भन्दा बढी कार्यकाल बस्न पाउँदैन। तर, श्रेष्ठले पेलैरै विधान संशोधन गरेको असन्तुष्ट पक्षको आरोप छ। अनलाइनमार्फत भएको निर्वाचनबाट जीवनराम श्रेष्ठ तेस्रोपल्ट अध्यक्ष पदमा निर्वाचन भएका थिए। यससँगै ओलम्पिक कमिटीको विवाद उत्कर्षमा पुग्यो। पूर्वमहासचिव निलेन्द्रराज श्रेष्ठ, उपाध्यक्ष सुनिल श्रेष्ठ र पूर्वसदस्यहरू समिम मिया अन्सारीलगायत धेरै सदस्य निर्वाचन बहिस्कार गरे। असन्तुष्ट पदाधिकारीहरूले नै तदर्थ कमिटी खोलेका हुन्। तर, उनीहरूले विधानविपरीत निर्वाचित कमिटीको कुनै अस्तित्व नहुने भएकाले आफूहरू नै वैधानिक र नेपालमा एक मात्र एनओसी रहेको दाबी गरेका छन्। एनओसी र सरकारबीच विवादका कारण जापानमा सन् २०२६ मा तय २०औं एसियाली खेलकुदमा नेपालको सहभागिता अन्योलमा पर्ने देखिएको छ। तर, तदर्थ कमिटीले भने अबदेखि आफूहरूले खेलाडीको सहभागिताका लागि काम गर्ने दाबी गरेको छ।

राखेपको कार्यकारी बोर्ड सदस्य कमल भट्टराई एनओसीको तदर्थ कमिटीका प्रवक्ता समिम मियाँ अन्सारीलाई सातदोबाटोस्थित एनओसी भवनको चाबी हस्तान्तरण गर्दै। *तस्बिर : नागरिक*

प्रिमियर सेमिफाइनलमा

काठमाडौं, भदौ ३ (नागरिक)- प्रिमियर आइबी कन्टिनम स्कुलले ग्लोबल हुप फेस्टअन्तर्गत अन्तरकलेज प्लस टु छात्र बास्केटबल प्रतियोगितामा सेमिफाइनलमा स्थान बनाएको छ।

सानागाउँस्थित रोयल स्पोर्ट्स सेन्ट्रलको हलमा मंगलबार प्रिमियरले पुष्पसदनलाई ५०-१५ ले सहजै हराएको हो। अपराजित प्रिमियर पाँच खेल जित्दै समूह 'बी' को विजेताका रूपमा सेमिफाइनलमा पुगेको छ। प्रिमियरका अश्विन चालिसेले १३ अंक जोडे। अबाइड ग्लोबल एजुकेसन कन्सल्टेन्सी प्रालिको आयोजनामा जारी प्रतियोगितामा क्यापिटल कलेज एन्ड रिसर्च सेन्टर (सिसिआरसी) र ग्रिनफिल्ड नेसनल कलेज पनि सेमिफाइनलमा पुग्न सफल भए। एक खेल अगावै दुवै सेमिफाइनलमा पुगेका हुन्।

सिसिआरसीले बर्नहार्टलाई ८०-४६ ले हरायो। सिसिआरसीका कर्मा तामाङले १८ स्कोर गरे। ग्रिनफिल्डले कान्जिरोवालाई ६८-४२ ले हरायो। ग्रिनफिल्डका प्रदीपले १८ अंक बटुले। रोयल स्पोर्ट्स सेन्ट्रलको व्यवस्थापन तथा चोकोफलको सहयोगमा जारी प्रतियोगिताअन्तर्गत लिगको अन्तिम दिन बुधबार चार खेल हुनेछ। टाइम्स र सिसिआरसी, गोल्डेनगेट 'बी' र पुष्पसदन, मल्पी र गोल्डेनगेट 'ए' तथा ग्रिनफिल्ड र जेभियर इन्टरनेसनल कलेजबीच खेल हुनेछ। जेभियर पनि एक खेलअगाडि नै सेमिफाइनलमा पुगिसकेको छ।

न्यु जेनिथको विजयी सुरुआत

काठमाडौं, भदौ ३ (नागरिक)- आयोजक न्यु जेनिथ इङ्लिस मोडेल स्कुलले तेस्रो न्यु जेनिथ कपअन्तर्गत अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर ब्वाइजमा मंगलबार विजयी सुरुआत गरेको छ।

भुरुङखेलस्थित घरेलु कोर्टमा न्यु जेनिथले एभिएमलाई ४७-३८ ले हराउँदै सुखद सुरुआत गरेको हो। न्यु जेनिथका अमित तामाङले २७ अंक जोडे। सिनियर ब्वाइजमै कन्स्टिलेसनले रेडियन्ट पब्लिकलाई ३४-३०, राराहिलले वीरसेवालाई ४०-२०, ज्ञान निकेतनले युरो स्कुललाई ६४-५७, स्वर्णिमले बेबी एन्जललाई ३३-१८ र मनास्लुले एनआइसी एकेडेमीलाई ३८-२९ हराए। कन्स्टिलेसनका कुशल श्रेष्ठले १६, राराहिलका कृष्णले सात अंक, ज्ञान निकेतनका महेन्द्र प्याकुरेलले १७, स्वर्णिमका प्रतीक महर्जनले १७ र मनास्लुका भविक गुरुङले २३ स्कोर गरे।

गर्ल्समा रेडियन्ट पब्लिकले नवीनज्योतिलाई १४-६, राराहिलले न्यु जेनिथलाई १०-२, केसिसिएसले युरोलाई १४-१० र स्वर्णिमले जेसिसलाई १९-२ ले हराए। रेडियन्टकी सेजल रोकाले ९, राराहिलकी अलिशा ओलीले ८, केसिसिएसकी पुनम महर्जनले सात र स्वर्णिमकी हिसी ल्हामु लामाले ११ अंक बटुले। न्यु जेनिथ कपअन्तर्गत ब्वाइज फुटसलको यु-११ मा चेल्सी, रेडियन्ट, एआई, बेसिक, ब्रम्हकुञ्ज, मनास्लु, त्रियोग र एभिएम क्वार्टरफाइनलमा स्थान बनाउन सफल भएका छन्। प्रतियोगिताको न्यु जेनिथका संस्थापक प्रिन्सिपल राजु महर्जन र एडमिन हेड पुष्पलाल श्रेष्ठले संयुक्त रूपमा उद्घाटन गरेका थिए।

न्यु जेनिथ कपअन्तर्गत बास्केटबलमा दुई तथा फुटसलमा तीन विधामा प्रतिस्पर्धा भइरहेको छ। सिनियर ब्वाइज बास्केटबलमा २४ तथा गर्ल्समा १२ टोलीले प्रतिस्पर्धा गर्दैछन्। ब्वाइज फुटसलको यु-११ मा १३, यु-१३ मा १५ र यु-१६ मा १६ टिम सहभागी छन्। प्रतियोगिता भदौ १० गते सम्पन्न हुनेछ।

स्टचाग च्याम्पियन्सको अग्रता

काठमाडौं, भदौ ३ (नागरिक)- आयोजक स्टचाग च्याम्पियन्स टेबलटेनिस एकेडेमीले स्टचाग ग्लोबल च्याम्पियन्स लिग सिजन-३ मा एकल अग्रता बनाएको छ।

लैनचौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्रमा जारी च्याम्पियन्स लिगमा मंगलबार चौथो चरणको समाप्तिमा स्टचाग ३८ अंकसाथ शीर्ष स्थानमा छ। पहिलो दुई दिन अग्रता लिएको एभिएम टेबलटेनिस क्लब ३७ अंकका साथ दोस्रो स्थानमा झरेको छ। एभिएम पहिलो संस्करणको विजेता पनि हो।

टप स्पिन टेबलटेनिस गुड्स नेपाल ३५ अंकका साथ तेस्रो, खोल्चा पुखु खेलकुद समिति ३४ अंकसाथ चौथो, होप्स टेबलटेनिस एकेडेमी ३२ अंकसाथ पाँचौं र कीर्तिपुर नगरपालिका ३२ अंकसाथ छैटौं स्थानमा छन्। यल टेबलटेनिस र द ड्रागन्स टेबटेनिस क्लबले समान २५-२५ बटुले। ओल्ड रेस्ट्रो र भोर्टेक्स नेपाल टेबलटेनिस क्लबको समान २४ अंक छ।

जीतपुरसिमरा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जीतपुर, बारा
मधेस प्रदेश, नेपाल

प्राविधिक प्रस्ताव छनौट सम्बन्धी सूचना

(प्रकाशित मितिः २०८२/०५/४)

यस कार्यालयबाट मिति २०८२/२/२२ (२०२५ जुन ५) गते प्रकाशित ठेक्काको विद्युतीय प्रणाली मार्फत शिलवन्दी बोलपत्र आव्हान गरिएको तपसिल बमोजिमको बोलपत्रको प्रविधिक प्रस्तावको मूल्याङ्कन हुँदा तपसिलमा उल्लेखित बोलपत्रदाताहरु सारभूत रुपमा प्रभावग्राही रहेका तथा योग्यताको सबै आधार सफल भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७८(१) बमोजीम तपसिलको मिति र स्थानमा आर्थिक प्रस्ताव खोलिने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

ठेक्का नं.	कामको विवरण	सारभूत रुपमा प्रभावग्राही तथा योग्यताका आधारमा सफल बोलपत्रदाताको नाम	आर्थिक प्रस्ताव खोलिने मिति र स्थान
१	JSMC/NCB/WORKS/52-2081/82 (Construction of Covered Hall At Simara Rangasala JSMC 1)	1) M/S Sumit kalika/Unique J V, Birgunj -13 Parsa 2) M/S A.B. Sworgadwari Engineering/ Shanvi/Diamond JV, Kathmandu.	२०८२/०५/११ दिउँसो २:०० बजे जीतपुरसिमरा उपमहानगरपालिकाको कार्यालय,

प्रमुख प्रशासकीय अधिकृत

Gulariya Municipality
Office of the Municipal Executive
Gulariya, Bardiya
Lumbini Province, Nepal

Invitation For Online Bid for Following Works

Date of First Publication: 2082/05/04 (2025/08/20)

1. The Gulariya Municipality, Office of Municipal Executive, Gulariya, Bardiya invites electronic Bids from Nepalese eligible bidders for the construction of following Works:

SN	Contract ID	Description of Works	Estimated Amount Without Vat and PS	Bid Security Amount	Bid Document Cost
1.	MG/W/NCB/ GNP/02/2082/2083	Construction of Earthern Embankment Near Prayagpur Tharu Sangaralaya, Gulariya-5, Bardiya	84,76,778.11	2,16,000	3,000

2. Pre-bid meeting shall be held at **Gulariya Municipality, Office of Municipal Executive, Gulariya, Bardiya** at **1:00 PM, 2082/05/24 (2025/09/09), Bid Submission Deadline: 12:00 PM** on **2082/06/05 (2025/09/21) and Bid Opening Date: 1:00 PM** on **2082/06/05 (2025/09/21)**

Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Gulariya municipality, Bardiya, telephone:084420412 and 9858022922 and facsimile number :084420200 and email address: arjun_lamsal2011@yahoo.com or may visit PPMO website www.bolpatra.gov.npand www.gulariyamun.gov.np.

Chief Administrative Officer

नेपाल रिपब्लिक मिडियाद्वारा प्रकाशित तथा मुद्रित, जेडिए कम्प्लेक्स, बागदरबार, काठमाडौं, रजिस्टर्ड नं. १६३/०५४/०५५, फोन : ५३६५१००, फ्याक्स : ५३५२२६२, इमेल : nagarik@nagariknews.com, अध्यक्ष : विनोदराज ज्ञवाली, सञ्चालक : शोभा ज्ञवाली, प्रधान सम्पादक : गुणराज लुइँटेल